सिटिजन्स बैंकको 'डिजिटल लोन अगेन्स्ड फिक्स्ड डिपोजिट' सुविधा

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले ग्राहकको सेवालाई थप सहज, सरल र आधुनिक बनाउने उद्देश्यले मुद्दती निक्षेप धितोमा अनलाइन माध्यमबाटै कर्जा लिन सक्ने सुविधा ल्याएको छ। मुद्दती निक्षेपको आधारमा आकस्मिक रूपमा आइपर्ने आवश्यक रकमको ऋण सहज रूपमा मोबाइल एप प्रयोग गरी प्राप्त गर्ने गरी यो सुविधा ल्याएको बताइएको छ । यस योजनाअन्तर्गत बैंकबाट आफ्नो मुद्दती निक्षेपको ९० प्रतिशत वा बढीमा रू. २ लाख रुपैयाँ सम्म (कम्तीमा रू. ५ हजार देखि) ऋण लिन सक्नेछन्। सो रकम आवेदकको बचत खातामा तत्काल जम्मा हुने बताइएको छ। यसमा कुनै पनि भौतिक कागजात आवश्यक नपर्ने बताइएको छ । बैंकले डिजिटल प्रविधिको उपयोगमार्फत आफ्ना ग्राहकको समय, श्रम र स्रोतको बचत गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन निरन्तर रूपमा नयाँ-नयाँ डिजिटल सेवा ल्याउने क्रममा यो सेवा पनि थप गरिएको बताइएको छ।

वर्षाका कारण फोहोर व्यवस्थापनमा समस्या नहुने

काठमाडौं । काठमाडौं महानगरपालिकाले वर्षातका कारण विगतका वर्षमा जस्तो यस वर्ष फोहोर व्यवस्थापनमा समस्या नहुने जनाएको छ । वर्षाको समय शुरू भएसँगै विगतका वर्षमा नागरिकले लामो समयसम्म फोहोर व्यवस्थापन नहुँदा निकै समस्या भोग्नुपरेको थियो ।

यस वर्ष भने महानगरले वर्षायाम सुरू भएसँगै फोहोर व्यवस्थापनका लागि विगतका वर्षमा हुने समस्या समाधान भइसकेकाले सहज हुने जनाएको छ । वातावरण व्यवस्थापन विभागका प्रमुख सरिता राईका अनुसार विगतका वर्षमा पटक-पटक समस्या आउने तीन पिप्लेदेखि अन्तिम फोहोर वयवस्थापनस्थल बञ्चरेडाँडासम्मको सडक मर्मतको काम भइसकेकाले फोहोर व्यवस्थापनका लागि सहज हुन्छ।

उनले भनिन्, 'विगतमा फोहोर व्यवस्थापन गरिँदै आएको स्थान सिसडोलमा पनि विगतको फोहोरलाई (क्यापिङ्) माटोले छोपेर मिलाउने काम गरिसकेको र सडक मर्मतको काम पनि भइसकेकाले फोहोरकै कारण नागरिकले सास्ती खेप्नुगर्दैन ।' राईका अनुसार तीन पिप्लेदेखि सिसडोलसम्म केही स्थानमा पहिरो जाने गरेकामा ती स्थानमा पर्खाल निर्माण गरिएकाले नियमित पानी परे पनि समस्या हुँदैन ।

महानगरका कूल ३२ वडामध्ये भित्री नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहोर व्यवस्थापन हुँदै आएको छ । हरेक दिन उपत्यकाबाट एक हजार ६०० मेट्रिकटन फोहोर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । काठमाडौं उपत्यकाका १८ स्थानीय तहमध्ये सबैभन्दा बढी महानगरको ५०० मेट्रिक टन बञ्चरेडाँडा लग्ने गरिएको छ। निजी क्षेत्रबाट व्यवस्थापन हुने र महानगरको गरी दैनिक कम्तीमा २०० गाडीले फोहोर ओसार्ने गरेको छ । शुरूमा गोकर्ण, सिसडोल हुँदै अहिले बञ्चरेडाँडामा फोहोरको अन्तिम व्यवस्थापन हुँदै आएको छ। विसं २०६८ मा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र २०७७ मा महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम शहरी सरसफाइ र स्वच्छताका लागि फोहोरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने कानुनी व्यवस्था छ।

यसअनुसार उत्पादकले भान्सामा जैविक र अजैविक फोहोरलाई छुट्टाछुट्टै भाँडामा राख्नुपर्ने हुन्छ। पछिल्लो समय महानगरले बञ्चरेडाँडामा लग्ने फोहोर घटाउनका लागि ३२ वडालाई ६ क्षेत्रमा निर्धारण गरेर फोहोर वर्गीकरणको काम गरिरहेको छ। *रासस*

डिभिजन वन कार्यालय नवलपुरद्वारा बिरुवा वितरण

नवलपुर (नवलपरासी) । डिभिजन वन कार्यालय नवलपुरले आजदेखि विभिन्न प्रजातिका बिरुवा वितरण शुरू गरेको छ। डिभिजन वन कार्यालय नवलपुरको कावासोतीस्थित नर्सरीमा निःशुल्क वितरण शुरू गरेको हो । डिभिजन वन कार्यालय नवलपुरले वार्षिक स्वीकृत कार्यक्रमअनुसार उत्पादन गरेको बिरुवा वितरण शुरू गरेको कार्यालयका सूचना अधिकारी वन अधिकृत शिशिर लम्सालले जानकारी दिए ।

'जिल्ला वन पैदावार आपूर्ति समिति, गण्डकी प्रदेश सरकारको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत, जडीबुटी विकास कार्यक्रम र बहुवर्षीय बिरुवा उत्पादन गरी चार वटा कार्यक्रमअन्तर्गत बिरुवा उत्पादन गरेका छौं, ' उनले भने, 'यस वर्ष एक लाख १५ हजार बिरुवा उत्पादन गरेका छौं र गत वर्षको बहुवर्षीय उत्पादनबाट १० हजार बिरुवा मौज्दात थियो ।'

गतवर्ष र यस वर्षगरी वनको नर्सरीमा एक लाख २५ हजार बिरुवा भए पनि यस वर्ष बहुवर्षीय बिरुवा उत्पादन कार्यक्रमका १० हजार बिरुवा आगामी वर्षमात्रै वितरण गरिने लम्सालको भनाइ छ । 'यस जिल्लामा वन क्षेत्र ६० प्रतिशत हाराहारीमा रहेका कारण वन क्षेत्रमा वृक्षरोपण गर्नुपर्ने अवस्था छैन,' उनले भने, 'जिल्लामा सौन्दर्य प्रदान गर्ने बिरुवा र डालेघाँसको बिरुवाको बढी माग हुने भएकाले हामीले सोहीअनुसार बिरुवा उत्पादन र निःशुल्क वितरण शुरू गरेका छौं ।'

वनको नर्सरीमा विशेषगरी कपुर, गुलमोहर, वीरेन्द्र फूल, म्याङ्गोस्टिक, धुपी जस्ता सौन्दर्य प्रदान गर्ने बिरुवासहित टिमुर, कुरिलो, हर्रोबर्रो, चिउरी, अमलासहितका औषधीय बिरुवा उत्पादन गरिएको लम्सालको भनाइ छ । कार्यालयले आफ्नो नर्सरीमा विभिन्न ३२ प्रकारको बिरुवा उत्पादन गरेको उल्लेख गर्दै लम्सालले व्यक्तिगत, वन समूह, शैक्षिक संस्था, पार्क र अन्य संस्थालाई मापदण्ड बनाएर बिरुवा वितरण शुरू गरिएको बताए। कार्यालयले तोकेकोभन्दा बढी बिरुवा लैजान फाराम भर्ने सेवाग्राहीले भने बिरुवा लगाउने क्षेत्रफल र वडा कार्यालयको सिफारिस लिएर आउनुपर्ने लम्सालको भनाइ छ। *रासस*

कर्मचारी आवश्यकता

यल बहुउद्देश्यीय सहकारी संस्था लि., सौगल ललितपुरको लागि एक जना प्रबन्धक आवश्यकता भएको हुँदा निम्न योग्यता पुगेको महानुभावले तुरुन्त सम्पर्क गर्नु होला ।

योग्यता : स्नातक उत्तिर्ण
अनुभव : सहकारी वा अन्य बैंक तथा वित्तिय संस्थामा काम गरेको र कम्युटरमा दखल भएकालाई विशेष ग्राह्यता
उमेर : २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
सम्पर्क नं. : ५४२७१२३, ५४२८२७३, ९८५११३९७०६
नोट : ईच्छुक महानुभावहरुबाट यही २०८२ आषाढ २६ गते भित्र दरखास्त आव्हान गरिन्छ ।

थप व्यवस्थापनसहित सिटिजन लाइफ इन्स्योरेन्सको शाखा भरतपुरमा

चितवन (अस) । सिटिजन लाइफ इन्स्योरेन्सले भरतपुरको रिजालचोकबाट सेवा शुरू गरेको छ । सेवाग्राहीको चापसँगै सहजताको लागि थप व्यवस्थापनसहित भरतपुर-१० रिजालचोकमा शाखा कार्यालय स्थापना गरेको हो । कम्पनीका कार्यकारी प्रमुख पोषकराज पौडेल र वडाध्यक्ष परमेश्वर खनालले एक समारोहका बीच कार्यालयको उद्घाटन गरेका हुन्। यसअघि कम्पनीले चितवनका लागि नारायणगढको शहिदचोकबाट सेवा दिँदै आएको थियो । उद्घाटनपछि कम्पनीका प्रमुख पौडेलले उमेर र आम्दानी छँदै जीवन बीमा गरेर बाँचुञ्जेलसम्म आफ्नो सुरक्षा गर्नुपर्ने बताए । मृत्युपश्चात् सन्तानको सहजताका लागि जीवन बीमा अनिवार्य रहेको चर्चा गर्दै यसका लागि

सिटिजन लाइफ उत्तम रहेको दाबी गरे । बीमा कम्पनीको कार्यालयलाई थप व्यवस्थित र सर्वसुलभ पहुँच पुयाउन भरतपुर-१० रिजालचोकमा रहेको एभरेस्ट बैंक रहेको भवनमा स्थानान्तरण गरिएको चितवन शाखा प्रमुख गोकर्ण कार्कीले जानकारी दिए ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १२ गते बिहीवार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : उर्लाबारी शाखा

ऋणीको विवरण
मान बिर मगरको नाति चन्द्र बहादुर मगरको छोरा मोरङ्ग जिल्ला टाँडी वडा नं. ८ हाल, मिक्लाजुङ्ग न.पा. वडा नं. ३ बस्ने **कुमार थापा मगर** (ना.प्र.नं. : ०५२०१७/३२१८६ जारी मिति र जिल्ला : २०६४/०१/२३, मोरङ्ग)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) जंग बहादुर प्रजाको नातिनी जीत ब. प्रजाको छोरी धादिङ जिल्ला गोगनपानी वडा नं. ७ हाल, मोरङ्ग जिल्ला मिक्लाजुङ्ग न.पा. वडा नं. ३ बस्ने **शान्ती प्रजा** (ना.प्र.नं. : २६३०५०/७७८ जारी मिति र जिल्ला : २०६३/११/०९, धादिङ)
२) कुल बहादुर थापा मगरको नातिनी भिम बहादुर थापा मगरको छोरी मोरङ्ग जिल्ला टाँडी गा.वि.स वडा नं. ८ हाल, मिक्लाजुङ्ग न.पा. वडा नं. ३ बस्ने **शान्ता कुमारी थापा मगर** (ना.प्र.नं. : ०५-२०-७०/०००६५ जारी मिति र जिल्ला : २०७०/०२/१९, मोरङ्ग)

२) शाखा कार्यालय : कमलामाई शाखा

ऋणीको विवरण
द्वार सिंह बलको नातिनी तिर्थ बहादुर वलको छोरी सिन्धुली जिल्ला रानिचुरी गा.वि.स. वडा नं. ७ हाल, कमलामाई ना.पा. वडा नं. १२ बस्ने **लक्ष्मी कुमारी बल** (ना.प्र.नं. : २०१०५२/६४० जारी मिति र जिल्ला : २०६८/१२/२४, सिन्धुली)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) द्वार सिं बलको बुहारी तिर्थ बहादुर वलको पत्नी सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. १२ बस्ने **विष्णु माया वल** (ना.प्र.नं. : २०१०५२/३२१ जारी मिति र जिल्ला : २०६७/१०/०६, सिन्धुली)
२) छविलाल दाहालको नाति सुर्य प्रसाद दाहालको छोरा नुवाकोट जिल्ला जिलिङ गा.वि.स. वडा नं. ३ हाल, सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ बस्ने **उमेश दाहाल** (ना.प्र.नं. : २५-०१-७३-०३९२६ जारी मिति र जिल्ला : २०७३/०३/२६, नुवाकोट)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड
PROTECTIVE MICRO INSURANCE LIMITED

धनगढी ०३, कैलाली, सुदुरपश्चिम प्रदेश, नेपाल
फोन नं. ०९१-५९०७०७, ०१-५९१६७९०
इमेल: info@protectivemicro.com, बेवसाईट: www.protectivemicro.com

मौजुदा सूचीमा सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०३/१२

यस प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडका लागि आर्थिक वर्ष २०८२/८३ मा आवश्यक पर्ने तपसिल वमोजिमका सामान तथा सेवाहरु आपूर्ति गर्ने प्रयोजनको लागी सामान तथा सेवा प्रदायकहरुको सूची सूचिकृत गरिने हुँदा मौजुदा सूचिमा सूचीकृत हुन ईच्छुक ईजाजतप्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले सम्बन्धित विषयको कारोबार गर्न स्वीकृती प्राप्त प्रमाणपत्र प्राप्त गरेका एवं कालो सूचीमा नपरेका इच्छुक फर्म, कम्पनी, संस्थाहरुलाई फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्र (नविकरण सहित), आ.व. २०८०/८१ को करचुक्ता प्रमाण पत्र, प्यान (PAN) तथा मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि र कालोसूचीमा नपरेको स्वघोषणा सहित यो सूचना प्रथम पटक प्रकाशित मितिले १५(पन्ध्र) दिन भित्र यस कम्पनीको मुख्य कार्यालय, धनगढी तथा बागमती प्रदेश कार्यालय ललितपुरमा कार्यालय समय भित्र उल्लेखित कागजातहरु संलग्न गरी प्रत्येक समूहका लागि रितपूर्वकको छुट्टा छुट्टै निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदनहरु मध्येबाट योग्य ठहरिएका फर्म, कम्पनी, संस्थाहरुलाइ मात्र सूचीकृत गरिने छ । सूचीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कम्पनीमा नै निहित रहने छ । मौजुदा सूचीमा दर्ता गराउने सम्बन्धि निवेदन फारम कम्पनीको website:www.protectivemicro.com मा राखिएको छ ।

तपसिल

समुह	आपूर्ति गर्नु पर्ने मालसामान वा सेवाको वर्गिकरण ।	समुह	आपूर्ति गर्नु पर्ने मालसामान वा सेवाको वर्गिकरण ।
१	मसलन्द सामानहरु आपूर्ति गर्ने कार्य ।	२	छपाई सम्बन्धि कार्य ।
३	कार्यालय सामानहरु (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फ्याक्स, फोटोकपि, एल.सि.डि. प्रोजेक्टर, सि.सि. टि.भि., एलार्म सिस्टम आदि) सो संग सम्बन्धित फुटकर सामान को आपूर्ति गर्ने तथा मर्मत गर्ने कार्य ।	४	काठ तथा स्टीलका बिभिन्न फर्निचर सामानहरु (कुर्चि, टेबुल, दराज, सेफ, फायर प्रुफ क्याबिनेट आदि) आपूर्ति तथा मर्मत गर्ने कार्य ।
५	अग्नि नियन्त्रण तथा सुरक्षा सम्बन्धी उपकरणहरु आपुर्ति गर्ने कार्य ।	६	Core system का लागि Networking, Connectivity सम्बन्धी कार्य ।
७	सफ्टवेयर डेभलपमेण्ट तथा आपूर्ति गर्ने ।	८	आन्तरिक तथा अन्तराष्ट्रिय हवाई टिकट आपूर्ति गर्ने कार्य ।
९	कार्पेटिङ्ग, फ्लोरिङ्ग तथा डेकोरेसनका सामानहरु आपूर्ति गर्ने कार्य ।	१०	हाउस किपिंग, फ्लोर केयर, सरसफाई, लाउन्ड्रि सर्भिस, रंगरोगन र सोफा, कार्पेट, पर्दा धुलाई र मर्मत गर्ने कार्य लगायत सरसफाई सम्बन्धि कार्यहरु ।
११	सेनेटरी तथा सरसफाई सम्वन्धी सामाग्रीहरु तथा वत्ती बिजुलीका सामानहरु आपूर्ति गर्ने कार्य ।	१२	सवारी साधनका पार्टपूर्जा आपूर्ति तथा सवारी साधन मर्मत सम्बन्धी कार्य ।
१३	खानेपानी आपूर्ति सेवा ।	१४	आन्तरिक तथा वाह्य कुरियर सेवा तथा ढुवानी सेवा ।
१५	परामर्श तथा सल्लाहाकार सेवा सम्बन्धि कार्य ।	१६	कृषि तथा पशुबीमामा प्रयोग हुने उपकरण (Tag and Machine)
१७	विभिन्न प्रकारका सूचना प्रकाशन तथा प्रसारणको लागि विज्ञापन एजेन्सी सम्बन्धी कार्य ।	१८	डकुमेन्ट्री, सूचना तथा व्यावसायिक विज्ञापन (छापा, रेडियो तथा टि.भि.) निर्माण, प्रकाशन तथा प्रसारण सम्बन्धी कार्य ।
१९	विज्ञापन, प्रचारप्रसार तथा बजार प्रवर्द्धनसंग सम्वन्धित विभिन्न सामाग्री निर्माण, आपूर्ति, मर्मत तथा संभार कार्य (जस्तै फ्लेक्स, लाईटबोर्ड, ग्लोसाईनबोर्ड, होर्डिङ्गबोर्ड, डिस्प्लेबोर्ड, डिजिटल बोर्ड, लोगो, लिफ्लेट होल्डर, भिजिटिङ्गकार्ड, कर्मचारी आई.डि.कार्ड, कलम, डायरी, किरिङ्ग जस्ता विभिन्न सामाग्री तथा सोभेनियर का विविध सामान आपूर्ति गराउने सम्बन्धी कार्य), ब्रान्डिङ सेवा ।		

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस द सगतानी एक्जिम प्रा.ली. ले भारत बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विकी मूल्य निम्न वमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

(All Materials are Manufactured by Steller Gastronom Pvt.Ltd. India)

S.N.	Details	Origin	Unit	MRP
1	Cold Holding Cabinet	India	NOS	310000
2	Hot Holding Cabinet	India	NOS	275000
3	Two Door Counter Chiller	India	NOS	230000
4	Three Door Counter Chiller	India	NOS	297000
5	Pizza Make Line With raised cold Pan	India	NOS	240000

विक्रेता फर्मको नाम : द सगतानी एक्जिम प्रा.ली.
ठेगाना : वाफल-१३, काठमाण्डौं
फोन नं. : ९८५१२४५५३५, ०१४२७२५२१

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/१२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/२६ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **१५(पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	सुरक्षणमा रहेको धितोको विवरण
१) ऋणी: इन्द्रेणी विल्डर्स प्रा.लि. (अख्तियार प्राप्त व्यक्तिः प्रेम लामा) दर्ता नं. : ३६११/०४६/०४७ दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं स्थायी लेखा नं. : ५०००७२३९८ ठेगानाः काठमाण्डौं मा.न.पा वडा नं. ३१, बागवजार, काठमाण्डौं **कर्जा लिएको शाखा कार्यालय : बालुवाटार, काठमाण्डौ**	१. मालपोत कार्यालय लगनखेल, ललितपुरमा प्रेम लामाको नाममा दर्ता कायम रहेको जिल्ला ललितपुर ललितपुर-०५, सिट नं ५ग१, स्थित कित्ता नं ९१ को क्षेत्रफल ३४९.६९ व.मि को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. मालपोत कार्यालय डिल्लीवजार, काठमाण्डौंमा सरिता महतको नाममा दर्ता कायम रहेको जिल्ला काठमाण्डौं गोंगबु-०५, सिट नं १०२०९८५११, स्थित कित्ता नं २३१ को क्षेत्रफल ६३.५८ व.मी को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताको विवरण

१. नाम: प्रेम लामा (अध्यक्ष/प्रवन्ध संचालक/शेयरधनी)
बाबुको नामः भलमान लामा
बाजेको नामः नरमान लामा
ठेगानाः ललितपुर-१५, ललितपुर
ना.प्र.नं : २८ १५०२/११८
जारी मिति : २०३७/११/०२
जारी गर्ने कार्यालय : जि.प्र.का. ललितपुर

२. नामः कमला राई
बाबुको नामः लाल बहादुर राई
पतिको नामः प्रेम लामा
ससुराको नाम : भलमान लामा
ठेगानाः सित्तलपाटी-०६, संखुवासभा
हालः ललितपुर-१५, ललितपुर
ना.प्र.नं : १३०२/२८२९४
जारी गर्न कार्यालय : जि.प्र.का, संखुवासभा

३. नाम : प्रेरक लामा
बाबुको नाम : प्रेम लामा
बाजेको नाम : भलमान लामा
ठेगाना : ललितपुर-१५, ललितपुर
ना.प्र.नं: २८१-०१५/५१३०४, जारी मितिः २०६४/०३/१५
जारी गर्ने कार्यालय : जि.प्र.का, ललितपुर

४. नामः कृष्ण गोबिन्द चगुठी
बाबुको नामः संखलाल चगुठी
बाजेको नामः मना चगुठी
ठेगानाः भक्तपुर-१६, भक्तपुर
ना.प्र.नं : ४८८, जारी मिति : २०३३/०९/०६
जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर

५. नामः रामहरी चौगुठी (शेयरधनी/संचालक)
बाबुको नामः कृष्ण गोविन्द चौगुठी
बाजेको नामः शंखलाल चौगुठी
ठेगानाः भक्तपुर-१६, भक्तपुर
ना.प्र.नं : २९ १५६६२, जारी मिति : २०६०/०९/११
जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर

६. नामः शिवहरि चगुठी (शेयरधनी)
बाबुको नाम : कृष्ण गोविन्द चगुठी
बाजेको नामः शंखलाल चगुठी
ठेगानाः भक्तपुर-१६, भक्तपुर
ना.प्र.नं: २९-०१-०६६-०२०२५, जारी मितिः २०६६/०४/११
जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर

७. नामः कृष्ण हरि चगुठी
बाबुको नामः कृष्ण गोविन्द चगुठी
बाजेको नामः शंखलाल चगुठी
ठेगानाः भक्तपुर-१६, भक्तपुर
ना.प्र.नं : ०२५३८, जारी मिति : २०५८/०६/२६
जारी गर्ने कार्यालय : जि.प्र.का. भक्तपुर,

८. नामः रुविना चौगुठी
बाबुको नामः हरीचन्द्र दास श्रेष्ठ
ससुराको नामः कृष्ण गोविन्द चौगुठी
पतिको नामः रामहरी चौगुठी
ठेगानाः भक्तपुर-१६, भक्तपुर
ना.प्र.नंः २९-०१-०६७-०५९११, जारी मितिः २०६७/०७/१६
जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर

९. नामः वालु थुलुङ (शेयरधनी/संचालक)
बाबुको नामः तारामान राई
पतिको नामः बम थुलुङ
ससुराको नामः अंगद बहादुर थुलुङ्ग
ठेगानाः काठमाण्डौं-०७, काठमाण्डौं
ना.प्र.नं. : १३९११९/८८५/१९०६/३१२०९
जारी मिति : २०५७/०२/०८
जारी गर्ने कार्यालयः जि.प्र.का, काठमाण्डौं

१०. नामः बिराज थुलुङ
बाबुको नामः बम थुलुङ
आमाको नामः बालु थुलुङ
ठेगानाः रुपाकोट मझुवागढी-०१, खोटाङ
हालः काठमाण्डौं-०७, काठमाण्डौं
ना.प्र.नंः १२-०१-७४-०१००८, जारी मिति : २०७४/०२/३१
जारी गर्ने कार्यालय : जि.प्र.का, खोटाङ

११. नामः राम राजा महत (शेयरधनी)
बाबुको नामः यज्ञ बहादुर महत
बाजेको नामः अकल बहादुर महत
ठेगानाः काठमाण्डौं-२९, काठमाण्डौं
ना.प्र.नं : २७ १५९७/११३४९
जारी गर्ने कार्यालय : जि.प्र.का, काठमाण्डौं

१२. नामः सरीता महत
बाबुको नामः गणेश बहादुर के.सी.
पतिको नामः रामराजा महत
ससुराको नामः यज्ञ बहादुर महत
ठेगानाः काठमाण्डौं-२९, काठमाण्डौं
ना.प्र.नं : १०७००, जारी मिति : २०५२/११/२२
जारी गर्ने कार्यालय : जि.प्र.का, काठमाण्डौं

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१" को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफू